नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं।

पत्र संख्या: २०८३/०८४
च.नं. 3009
प्रा.प.सं. :

## जनचेतनाको लागि विज्ञप्ती

**"सचेत नागरिक बनौँ, प्रलोभनमा नपरौँ, प्रमाण नहेरी पैसा नहालौँ। आफू पनि जोगिऔ, अरुलाई पनि जोगाऔँ"**

| नेटवर्किङ व्यवसायका नाममा हुन सक्ने ठगीहरु | सावधानीका उपायहरु |
|---|---|
| ➢ पछिल्लो समयमा विभिन्न सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट पिरामिडमा आधारित नेटवर्किङ व्यवसायका नाममा सदस्य बन्नका लागि प्रस्ताव आउने तथा विज्ञापन गर्ने। | ➢ वस्तुको वास्तविक मूल्य र बजार मूल्य तुलना गरौँ, सदस्य बनाउँदा पैसा तिर्नुपर्ने व्यवस्था छ, छैन हेर्ने गरौँ। पार्सल पठाएको तथा चिठ्ठा परेको नाममा हुन सक्ने ठगीबाट सचेत रहौँ। |
| ➢ नयाँ सदस्य थपे बापत आर्थिक लाभ दिने, पार्सल पठाएको दस्तुर तथा चिठ्ठा परेको भनि कर तिराउन बैंकिङ तथा डिजिटल भुक्तानी प्रणालीको प्रयोग गरी रकम सङ्कलन तथा लगानी गर्न लगाउने। | ➢ छिटो र धेरै नाफाको प्रलोभनमा नपरौँ, कम्पनी कानूनी रुपमा दर्ता र इजाजत पत्र प्राप्त छ, छैन जाँच गरौँ। E-Sewa र बैंक खाताहरु अपडेट गर्ने बहानामा OTP दिने तथा शंकास्पद Link मा क्लिक नगरौँ। |
| ➢ आकर्षक तलब, घरमै बसी बसी आम्दानी, अनलाइन काम, IT/कम्प्युटर सम्बन्धी रोजगारी तथा विदेशमा आकर्षक रोजगारीको प्रलोभन देखाई नेपाली नागरिकलाई सम्पर्कमा ल्याउने, रकम एवम् व्यक्तिगत विवरण सङ्कलन गर्ने र विदेश पठाउने। | ➢ प्रलोभनमा नपरौँ, धेरै कमाई तथा नाफाको बाचा जति आकर्षक हुन्छ, त्यति नै जोखिम पनि हुन्छ। आम्दानीको स्रोत स्पष्ट सोधौँ, कागज र प्रमाण सुरक्षित राखौँ। |
| ➢ विदेशमा रोजगारी तथा प्रशिक्षणको प्रलोभन देखाई नेपाली नागरिकलाई छिमेकी राष्ट्रसम्म पुऱ्याई कागजात तथा मोबाइल जफत गर्ने, बन्धक बनाउने, शारीरिक, मानसिक दबाब दिने र जवर्जस्ती लामो समय अनलाइन स्क्यामिङ गर्ने कार्यमा लगाउने। | ➢ हतारमा निर्णय नगरौँ । राम्रो व्यवसायले सामान्यतया सोच्ने समय दिन्छ, दबावमा निर्णय गर्नु गराउनु आफैँमा जोखिम हुन सक्छ। |

"जो कसैलाई आफू ठगिएको शंका भएमा नजिकको प्रहरी कार्यालयमा सूचना/उजुरी दिन सकिने छ। प्रहरीले ठगी, आपराधिक विश्वासघात, कीर्ते, विद्युतीय कारोबार, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण लगायतका कसूरहरुमा अनुसन्धान गरी कानूनी दायरामा ल्याउने काम गर्छ"।

CIB mail: cib@nepalpolice.gov.np
Cyber bureau mail: cyberbureau@nepalpolice.gov.np

मिति २०८३/०६/१२ गते।
नेपाल संवत्:- ११४६

प्रवक्ता/सूचना अधिकारी
(अनुपम शमशेर ज.ब.रा.)
प्रहरी वरिष्ठ उपरीक्षक
सम्पर्क नं. ९८५१२९१३११